# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

**टंगाल, काठमाण्डौ**

**फर्निचर (टेबल, कुर्सि आदि) आपूर्ति सम्बन्धी बोलपत्र आव्हानको सूचना**

(सूचना प्रकाशित मिति : २०७५/०१/२४)

यस आयोगलाई आवश्यक निम्न कार्य गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि तपसिलमा उल्लेख भए बमोजिमको मितिसम्म फर्म/सँस्था/कम्पनीको लिखित निवेदन पेश गरी यस आयोगको सामान्य प्रशासन शाखाबाट तपसिल बमोजिमको दस्तुर बुझाई (फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ ।

२. बोलपत्र तपसिलमा उल्लेखित मिति र समयभित्र यस आयोगको सामान्य प्रशासन शाखामा सिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ । बोलपत्र फाराम बुझाउँदा सिलबन्दी गरी खामको बाहिर अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाललाई सम्बोधन गरी आफूले गर्न चाहेको कार्य सहित बोलपत्रको ठेक्का नं. समेत स्पष्टसंग उल्लेख गर्नु पर्ने छ ।

३. दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु तपसिलमा उल्लेखित मिति र समयमा आयोगको सामान्य प्रशासन शाखामा उपस्थित फर्म/कम्पनीका प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर फर्म/कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

## तपसिल

| सि.नं | ठेक्का नं. | कार्यको विवरण | बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | पछिल्लो तीन वर्षको औषत बार्षिक कारोबार रु. |
|---|---|---|---|---|---|---|---|---|
| १. | CIAA-NCB-07 /2074-075 | फर्निचर (टेबलु कुर्सि आदि) आपूर्ति गर्ने कार्य | २०७५/२/२२ कार्यालय समय | २०७५/२/२३ १२:०० बजे | २०७५/२/२३ १४:०० बजे | ३,०००।- | १,१५,०००। | ३६,००,०००।- |

४. बोलपत्र जमानत वापत माथि उल्लेखित रकम बराबर यस आयोगको नाममा "क" वर्गको बाणिज्य बैंकबाट जारी भएको बिडबण्ड वा कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाण्डौ भुक्तानी केन्द्र नं. ३ लैनचौरको राष्ट्रिय बाणिज्य बैंक ठमेलस्थित धरौटी खाता नं. ११००२०३ (यस आयोगको कार्यालय कोड नं. २७-२०६-०१) मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ । बिडवण्डको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले १२० (एकसय बिस) दिन सम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनु पर्ने छ ।

५. बोलपत्रदाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले सिलबन्दी बोलपत्रसाथ देहायका प्रमाणित कागजात पेश गर्नुपर्ने छ :
(क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ख) व्यवसाय दर्ताको इजाजतपत्र (ग) मूल्य अभिवृद्धि कर र स्थायी लेखा नं. (प्यान) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (घ) बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति (ङ) आ.व.२०७२।०७३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा कर दाखिला प्रमाणको प्रमाणित प्रतिलिपि (च) बोलपत्रदाता फर्म/कम्पनीको Power of Attorney Letter समेत ।

६. बोलपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिन निर्धारित समय र स्थानमा गरिने छ ।

७. यसै सूचनाको बुँदा ५ बमोजिमका कागजात संलग्न नभएको, विभिन्न सर्तहरु उल्लेख गरेको, बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु उल्लेख नगरेको र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय समयभित्र आयोगको सामान्य प्रशासन शाखा (फोन नं. ५२६२१८०) मा सम्पर्क राख्न सकिने छ ।